जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ७० पृष्ठः ४ | २०८३ असार २१ आइतबार (Sunday 05 July 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## लहानका सामुदायिक विद्यालयलाई स्मार्ट बोर्डसहित शैक्षिक सामग्री हस्तान्तरण




**मणिलाल विश्वकर्मा**

लहान, २० असार। सामुदायिक विद्यालयलाई प्रविधिमैत्री बनाउँदै गुणस्तरीय पठनपाठनका लागि सिराहाको लहान नगरपालिकाले स्मार्ट बोर्डसहित शैक्षिक सामग्री वितरण गरेको छ। संघीय सरकारको एक करोड २७ लाख रुपैयाँ विशेष अनुदानको बजेटबाट लहान १२, १५ र २४ नं. बाहेकका वडाका आधारभूत र मावि तहका विद्यालयलाई ३७ थान स्मार्ट बोर्ड, ३२२ थान बेन्च, १८-१८ हजार थान कापी र पेन्सिल वितरण गरिएको हो। त्यसबाहेक अंग्रेजी माध्यममा पठनपाठन भइरहेको मावि पडरिया थारुटोल (लहान १२) र लक्ष्मण ललिता मावि रघुनाथपुर (लहान ३) लाई ३२-३२ थान सिसिक्यामेरा उपलब्ध गराइएको शिक्षा शाखाका अमिरी यादवले जानकारी दिए।

आधारभूत तहका विद्यालयमा बालकक्षा व्यवस्थापनसहित तल्लो कक्षादेखि नै सूचना प्रविधिमैत्री पठनपाठनमा जोड दिँदै गरिब विपन्न परिवारका विद्यार्थीलाई लक्षित गरी कापी पेन्सिल उपलब्ध गराइएको उनले बताए। 'गत आर्थिक वर्ष ०८१/८२ मा नमुनाका लागि पाइलट परियोजनाको रूपमा नगर क्षेत्रका ११ वटा विद्यालयमा उपलब्ध गराउँदै गएको कापी-पेन्सिल यसपल्ट नगर क्षेत्रका सबै विद्यालयलाई उपलब्ध गराउँदै छौं,' उनले भने।

**सामाजिक विकास र सुशासनमा फड्को**

स्मार्ट बोर्डसहितका शैक्षिक सामग्री हस्तान्तरण गर्दै नगर प्रमुख महेशप्रसाद चौधरीले गरिब, किसान मजदूरका छोराछोरीले पनि सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षा पाउन सकून् भन्ने उद्देश्यले नगरपालिकाले शिक्षा क्षेत्रलाई मुख्य प्राथमिकतामा राखेको बताए। 'विकासको नाममा ठुल्ठुला भवन र फराकिलो सडक बनाउनुभन्दा सामुदायिक

**-बाँकी अन्तिम पेजमा**

## अवैध उत्खनन गरी गिट्टी, बालुवा लोड गरिएका ६ टिपर नियन्त्रणमा

मणिलाल विश्वकर्मा

लहान, २० असार। सिराहाको गोलबजार नगरपालिका- ३, गागन खोलामा अवैध उत्खनन गरी गिट्टी, बालुवा लोड गरिएका ६ वटा टिपर प्रहरीले नियन्त्रणमा लिएको छ। इलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको प्रहरी टोलीले गागन खोलामा अवैध उत्खनन गरी लोड गरिएका ६ वटा टिपर नियन्त्रणमा लिएको हो।




जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार प्रहरीले प्र. १-०२-००२ ख ११२५, प्र. १-०२-००१ क ४८९५, प्र. २-०१-००१ ख ०१३७, लु. प्र. ०२-००१ ख ०२९२, ना.१क ९७५१ र ना.१ क ८७३९ नम्बरको टिपर नियन्त्रणमा लिएको छ। सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार नियन्त्रणमा लिइएका टिपर आवश्यक कारबाहीका लागि सम्बन्धित कार्यालयमा पठाइएको र फरार चालकहरूको खोजी भइरहेको छ।

## गोली प्रहार गरी भारतीय लागुऔषध कारोबारी पक्राउ

लहान, २० असार। नेपाल-भारत सीमा क्षेत्रमा पर्ने सिराहाको नवराजपुर गाउँपालिका-५, झाँझपट्टीमा प्रहरीले गोली प्रहार गरी भारतीय लागुऔषध कारोबारी समूहका एकजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा भारतको बिहार राज्य मधुवनी जिल्ला घर भएका करिब ३५ वर्षीय अब्दुल कलाम रहेको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए। उनका अनुसार प्रहरीले चलाएको गोली लागेर घाइते भएका कलामलाई बिआर ३२ एआर ६०२४ नम्बरको मोटरसाइकलसहित पक्राउ गरिएको हो।






देब्रे खुट्टामा गोली लागेर घाइते भएका उनलाई उपचारका लागि सिरहा प्रादेशिक अस्पतालमा भर्ना गरिएको छ। प्रहरीका अनुसार कलामको समूहमा रहेका बाँकी तीनजना भने एउटा मोटरसाइकल चढेर भागेकाले खोजतलास भइरहेको छ। लागुऔषधको कारोबार भइरहेको भन्ने गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय, महेशपुर पतारका प्रमुख प्रहरी निरीक्षक विशाल मल्लको कमान्डमा खटिएको प्रहरी टोलीले शुक्रबार दिउँसो करिब २ बजेतिर लागुऔषध कारोबारी समूहलाई नियन्त्रणमा लिन खोज्दा प्रहरीलाई लक्षित गरी गोली प्रहार भएको सिरहा प्रहरी प्रमुख प्रहरी उपरीक्षक वासुदेव पाठकले जानकारी दिए। प्रहरीले जवाफी फायर गर्दा घाइते भएका एकजनालाई लागुऔषधसहित पक्राउ गर्न सफल भएको हो।

प्रहरी टोलीले उनको साथबाट प्लास्टिकसहित १२२.८ ग्राम ब्राउनसुगरजस्तो देखिने पदार्थ बरामद गरेको र अन्यको खोजी तथा थप अनुसन्धान भइरहेको उनले बताए। यसअघि सिरहा प्रहरीले सिरहा नगरपालिका- २१, लगडीगोठबाट ७ असारको साँझ गोली प्रहार गरी भारत मधुवनी जिल्ला पौदमाहा ग्राम पञ्चायत वडा नं. २, जोगिया टोल बस्ने कुख्यात भारतीय लागुऔषध कारोबारी करिब २८ वर्षीय छोटु भनिने रञ्जितकुमार पासवान र सोही ठाउँका एक नाबालकलाई पक्राउ गरेको थियो। प्रहरीले पक्राउ परेका पासवानको साथबाट प्लास्टिकबाहेक ९२ ग्राम ३० मिलिग्राम ब्राउनसुगरजस्तो देखिने पदार्थसमेत बरामद गरेको थियो।





GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं, ट्राफिक नियम पालना गरौं,
- जोखिमपूर्ण सडकमा सवारी चलाउँदा विशेष ध्यान दिऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमितरुपमा मर्मतसम्भार गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी र अस्पतालमा सम्पर्क गरौं।
- सावधानी अपनाऔं, बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## एकैपटक हाजिरी : प्रशासनिक अनुशासनमाथि प्रश्न

सार्वजनिक प्रशासनको मूल आधार पारदर्शिता, जवाफदेहिता र अनुशासन हो। नागरिकले सरकारी कार्यालयबाट समयमै, सहज र प्रभावकारी सेवा पाउने अपेक्षा गरेका हुन्छन्। तर सिरहाको लहान नगरपालिका–१७, तरेगाना गोविन्दपुर वडा कार्यालयमा देखिएको एक घटनाले सार्वजनिक सेवामा अनुशासन र प्रशासनिक उत्तरदायित्वमाथि गम्भीर प्रश्न खडा गरेको छ। वडासचिवले चालु आर्थिक वर्षको असार मसान्तसम्मको हाजिरी एकैपटक गरेको घटना केवल एउटा सामान्य प्रशासनिक कमजोरी मात्र होइन, सरकारी कार्यालयमा अपनाउनुपर्ने कार्यसंस्कृतिप्रतिको लापरवाहीको संकेत पनि हो।

प्राप्त विवरणअनुसार अधिकृत छैटौं तहका वडासचिव राजकुमार साहले १७ असारदेखि ३२ असारसम्मको १२ दिनको हाजिरी एउटै समयमा गरेका छन्। सार्वजनिक कार्यालयमा हाजिरी रजिस्टर कर्मचारीको दैनिक उपस्थितिको आधिकारिक अभिलेख हो। यसमा भविष्यका दिनहरूको हाजिरी अग्रिम रूपमा गर्नु कुनै पनि दृष्टिकोणबाट उचित मान्न सकिँदैन। यसले सरकारी अभिलेखको विश्वसनीयतामाथि प्रश्न उठाउनुका साथै प्रशासनिक प्रक्रियाको मर्यादा पनि कमजोर बनाउँछ।

वडासचिव साहले आफ्ना बुबाको निधनका कारण केही दिन बिदामा बस्नुपरेको र कार्यालयमा फर्किएपछि सेवाग्राहीको चापका बीच भूलवश असार मसान्तसम्मको हाजिरी गरेको स्वीकार गरेका छन्। पारिवारिक शोक मानव जीवनको अत्यन्त संवेदनशील अवस्था हो र त्यसप्रति सहानुभूति राख्नु आवश्यक छ तर व्यक्तिगत परिस्थितिले सरकारी अभिलेखमा हुने त्रुटिलाई पूर्ण रूपमा उचित ठहर गर्न सक्दैन। सार्वजनिक पदमा बसेका व्यक्तिबाट झन् बढी सतर्कता, जिम्मेवारी र नियमको पालना अपेक्षित हुन्छ। यो घटनाले अर्को महत्वपूर्ण पक्ष पनि उजागर गरेको छ। यदि कार्यालय प्रमुख स्वयंले भविष्यको हाजिरी गर्न सक्छन् भने त्यसले कार्यालयभित्रको आन्तरिक नियन्त्रण प्रणाली कति प्रभावकारी छ भन्ने प्रश्न उठ्छ। हाजिरी रजिस्टर केवल हस्ताक्षर गर्ने कागज होइन, कर्मचारीको नियमित उपस्थितिको प्रमाण हो। यसमा भएको कुनै पनि अनियमितताले सेवा प्रवाह, कर्मचारीको कार्यसम्पादन मूल्यांकन तथा प्रशासनिक विश्वसनीयतामाथि प्रत्यक्ष असर पार्न सक्छ।

स्थानीय तह नागरिकसँग प्रत्यक्ष रूपमा जोडिएको सरकार हो। जन्मदर्ता, मृत्यु दर्ता, सामाजिक सुरक्षा, सिफारिस, योजना कार्यान्वयनलगायत दैनिक जीवनसँग सम्बन्धित अधिकांश सेवा वडा कार्यालयबाट नै उपलब्ध हुन्छन्। त्यसैले वडा कार्यालयमा कर्मचारीको नियमित उपस्थिति अत्यन्त आवश्यक हुन्छ। यदि सेवाग्राही कार्यालय पुग्दा जिम्मेवार कर्मचारी अनुपस्थित हुने वा ढिलो आउने अवस्था दोहोरिन्छ भने त्यसको प्रत्यक्ष मार नागरिकले नै खेप्नुपर्छ। वडाध्यक्ष प्रथमलाल चौधरीले पनि वडासचिव प्रायः ढिलो आउने गरेको र त्यसका कारण सेवाग्राहीको भीड हुने गरेको बताएका छन्। यदि यस्तो अवस्था नियमित रूपमा दोहोरिएको हो भने यो केवल हाजिरीको विषयमा सीमित रहँदैन, सेवा प्रवाहको गुणस्तरसँग पनि जोडिन्छ। नागरिकको समय, श्रम र विश्वासको सम्मान गर्नु सार्वजनिक सेवकको पहिलो दायित्व हो।

सार्वजनिक निकायमा सुशासन कायम गर्न आन्तरिक निगरानी संयन्त्र प्रभावकारी हुनुपर्छ। कुनै पनि कर्मचारीले भविष्यको हाजिरी गर्न नसक्ने वातावरण निर्माण गर्नुपर्ने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुख, प्रशासनिक शाखा तथा स्थानीय तहको नेतृत्वको पनि हो। अनियमितता देखिएपछि त्यसलाई समयमै सच्याउने, आवश्यक छानबिन गर्ने र नियमअनुसार कारबाही अघि बढाउने कार्यले मात्र प्रशासनप्रति जनविश्वास कायम रहन्छ।

नेपालका अधिकांश सरकारी कार्यालयमा अझै पनि परम्परागत हाजिरी प्रणाली प्रयोग भइरहेका छन्। सूचना प्रविधिको विकाससँगै धेरै कार्यालयमा विद्युतीय हाजिरी प्रणाली लागू भइसके पनि सबै स्थानीय तहमा यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। बायोमेट्रिक वा डिजिटल हाजिरी प्रणाली विस्तार गर्न सके भविष्यको हाजिरी, प्रतिनिधिमार्फत हाजिरी वा अन्य प्रकारका अनियमितता नियन्त्रण गर्न सहज हुनेछ। यसले प्रशासनिक पारदर्शिता र कार्यसम्पादनको विश्वसनीयता पनि बढाउनेछ।

नागरिकले कर तिरेर सञ्चालन हुने सरकारी संयन्त्रबाट निष्पक्ष, पारदर्शी र अनुशासित सेवा अपेक्षा गरेका हुन्छन्। त्यसैले सरकारी अभिलेखको विश्वसनीयता जोगाउनु सबै सार्वजनिक पदाधिकारीको साझा दायित्व हो। लहानको यो घटनाबाट सम्बन्धित निकायले आवश्यक पाठ सिक्दै प्रशासनिक अनुशासनलाई थप मजबुत बनाउने, आधुनिक हाजिरी प्रणाली विस्तार गर्ने तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउनेतर्फ ठोस कदम चाल्न सके मात्र यस्ता घटना भविष्यमा दोहोरिनबाट रोक्न सकिनेछ। सुशासनको आधार नियमको समान कार्यान्वयनमा निहित हुन्छ, र त्यही आधार बलियो बनाउनु आजको आवश्यकता हो।

# मधेशको आँप अर्थतन्त्र : उत्पादन उच्च, प्रशोधन अभाव



जनकपुर, २० असार। नेपालमा मधेश प्रदेश आँप उत्पादनको प्रमुख केन्द्रका रूपमा परिचित छ। प्रदेशका आठ जिल्लामा फैलिएको व्यावसायिक आँपखेतीले हरेक वर्ष लाखौं मेट्रिक टन उत्पादन दिँदै आएको छ। उत्पादनको हिसाबले देशकै अग्रणी क्षेत्र भए पनि प्रशोधन उद्योग, शीतभण्डार तथा व्यवस्थित बजार संरचनाको अभावका कारण मधेशको आँप अर्थतन्त्रले अपेक्षित लाभ लिन सकेको छैन। फलस्वरूप किसानले उत्पादनको उचित मूल्य नपाउने, ठुलो परिमाणमा फल नष्ट हुने तथा मूल्य अभिवृद्धिका अवसर गुम्ने समस्या वर्षेनि दोहोरिँदै आएको छ।

आँप बहुउपयोगी फलका रूपमा परिचित छ। यसको प्रयोग अचार, अमोट, खटाई, जुस, स्मूदी, लस्सी, आइसक्रिम, केक, चिजकेक, सलाद तथा डेजर्टलगायत सयौं प्रकारका परिकारमा गर्न सकिन्छ। काँचो र पाकेको आँपबाट मूल्य अभिवृद्धियुक्त उत्पादन तयार गरी वर्षभरि बजारमा उपलब्ध गराउन सकिने भए पनि मधेशमा त्यसअनुसारका उद्योगधन्दा विकास हुन सकेका छैनन्। यसले उत्पादनको सिजनमै आँप बजारमा थुप्रिने र किसान न्यून मूल्यमा बिक्री गर्न बाध्य हुने अवस्था सिर्जना गरेको छ।

**उत्पादनको अवस्था**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशका अनुसार आर्थिक वर्ष २०८२/८३ मा प्रदेशभर ३२ हजार ५७४ हेक्टर क्षेत्रफलमा आँपखेती गरिएको छ। कृषि विकास निर्देशनालय, नक्टाझिज (धनुषा) का अनुसार उक्त क्षेत्रफलबाट प्रतिहेक्टर औसत ९.०४ मेट्रिक टन उत्पादकत्वका दरले दुई लाख ९४ हजार ५६७ मेट्रिक टन आँप उत्पादन भएको छ।

अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा २९ हजार ८८० हेक्टर क्षेत्रफलबाट प्रतिहेक्टर ११.४३ मेट्रिक टन उत्पादकत्वका आधारमा तीन लाख ४१ हजार ४४५ मेट्रिक टन आँप उत्पादन भएको थियो। आँपमा 'अन इयर' र 'अफ इयर' अर्थात् एक वर्ष बढी र अर्को वर्ष कम उत्पादन हुने प्राकृतिक चक्रका कारण उत्पादनमा उतारचढाव देखिने गरेको कृषि प्राविधिकहरू बताउँछन्।

प्रदेशका आठ जिल्लामध्ये सबैभन्दा बढी सप्तरी र सिरहामा आँपखेती क्षेत्रफल र उत्पादन दुवै बढी छ। गत वर्ष सप्तरीमा ८ हजार ३८७ हेक्टरबाट ७५ हजार ५०० मेट्रिक टन, सिरहामा ९ हजार ५० हेक्टरबाट ७२ हजार ४०० मेट्रिक टन तथा रौतहटमा ४ हजार ७७० हेक्टरबाट ५४ हजार ३७८ मेट्रिक टन आँप उत्पादन भएको थियो। यस्तै सर्लाहीमा २ हजार १०० हेक्टरबाट १३ हजार २० मेट्रिक टन, महोत्तरीमा ३ हजार हेक्टरबाट २९ हजार ७०० मेट्रिक टन, धनुषामा ३ हजार ३२५ हेक्टरबाट २३ हजार २७५ मेट्रिक टन, बारामा १ हजार ४९५ हेक्टरबाट २० हजार ६३१ मेट्रिक टन तथा पर्सामा ४४७ हेक्टरबाट ५ हजार ९६३ मेट्रिक टन उत्पादन भएको तथ्याङ्क छ। मधेशमा मालदह, अम्रपाली, बम्बई, मालिका, कलकतिया, किसनभोग, दसहरी र सफेदा जातका आँप बढी उत्पादन हुन्छन्। यसबाहेक अल्फोन्सो, केसर, चौसा, लाङ्गा, टोटापुरी, निलम तथा हिमसागर जातका आँप पनि बजारमा पाइन्छन्।

**बजार व्यवस्थापनको चुनौती**

उत्पादन वृद्धि भए पनि बजार व्यवस्थापन किसानका लागि प्रमुख चुनौती बनेको छ। अधिकांश किसानले राजमार्ग आसपासका खुला स्थान, अस्थायी टहरा वा साप्ताहिक हाटबजारमा आँप बिक्री गर्छन्। ढल्केबर (धनुषा), लहान (सिरहा), रुपनी, महुली, कठौना, कडरबोना (सप्तरी) तथा लालबन्दी (सर्लाही) जस्ता स्थानमा मौसमी रूपमा ठुलो परिमाणमा आँप कारोबार हुन्छ।

आँपको मूल्यमा एकरूपता छैन। जात, आकार, गुणस्तर र मागअनुसार मूल्य निर्धारण हुन्छ। चरम उत्पादन सिजनमा किसानले प्रतिकिलो ५० देखि ८० रुपियाँसम्ममा बिक्री गर्नुपर्छ भने खुद्रा बजारमा मालदह ७०–१०० रुपियाँ, बम्बई ८०–१२० रुपियाँ तथा कलकतिया १०० रुपियाँभन्दा बढीमा बिक्री हुन्छ। किसानले कम मूल्य पाउने तर उपभोक्ताले महँगो तिर्नुपर्ने अवस्था छ। मधेशमा उत्पादित आँप काठमाडौं, पोखरा, हेटौंडा लगायतका प्रमुख सहर तथा सीमित रूपमा विदेशमा समेत निर्यात हुने व्यापारीहरू बताउँछन्।

**रासायनिक रूपमा पकाइएका आँपको जोखिम**

सिजन सुरु नहुँदै बजारमा रासायनिक पदार्थ प्रयोग गरी पकाइएका आँप देखिने गरेको चिकित्सकहरू बताउँछन्। चिकित्सक दिलीप साहका अनुसार क्याल्सियम कार्बाइड प्रयोग गरी पकाइएका आँप स्वास्थ्यका लागि हानिकारक हुन्छन्। यस्तो फल सेवन गर्दा टाउको दुख्ने, रिंगटा लाग्ने, निद्रा लाग्ने, मानसिक असहजता हुने तथा दीर्घकालीन रूपमा कलेजो, मस्तिष्क र मुटुसम्बन्धी समस्या देखिन सक्ने जोखिम हुन्छ।

**उत्पादन वृद्धि र बगैंचा व्यवस्थापन**

कृषि प्राविधिक अनुपलाल साहका अनुसार आँप उत्पादन बढाउन बोट रोपेर मात्र पुग्दैन। समयमै गोडमेल, सिँचाइ, मलखाद प्रयोग तथा रोग–कीरा नियन्त्रण आवश्यक हुन्छ। विशेषगरी मधुवा र मिलिबग नियन्त्रणका लागि नियमित प्राविधिक निगरानी र आवश्यक विषादी प्रयोग गर्नुपर्छ। उचित व्यवस्थापनले फल झर्ने, दाना फुट्ने तथा प्राकृतिक क्षतिलाई कम गर्न सकिन्छ।

**आँपको पोषणीय महत्व**

आँपलाई पोषणयुक्त फलका रूपमा लिइन्छ। यसमा भिटामिन ए, सी, फाइबर, आइरन तथा विभिन्न खनिज तत्व प्रशस्त पाइन्छन्। चिकित्सक टेकनारायण मण्डलका अनुसार नियमित आँप सेवनले रोग प्रतिरोधात्मक क्षमता बढाउने, रक्तअल्पता रोक्ने, आँखा र छालाको स्वास्थ्य सुधार गर्ने तथा गर्भवती महिलालाई आवश्यक पोषण दिन सहयोग गर्छ।

**प्रशोधन उद्योगको अभाव**

मधेशको आँप क्षेत्रको सबैभन्दा ठुलो समस्या प्रशोधन उद्योगको कमी हो। अधिकांश उत्पादन ताजा फलका रूपमा मात्र बिक्री हुन्छ। जुस, पल्प, जाम, स्क्वास, सुक्खा आँप तथा अन्य मूल्य अभिवृद्धियुक्त उत्पादन बनाउने उद्योग अत्यन्त न्यून छन्। भण्डारण, शीतभण्डार र रिपेनिङ चेम्बरको अभावले किसानलाई तत्काल बिक्री गर्न बाध्य बनाउँछ। उत्पादन बढी भएको वर्ष ठूलो परिमाणमा आँप नोक्सान हुने वा न्यून मूल्यमा बिक्री गर्नुपर्ने बाध्यता रहन्छ।

**आँपका परिकार**

जानकारहरूका अनुसार काँचो र पाकेको आँपबाट सयौं प्रकारका परिकार बनाउन सकिन्छ। अचार, अमोट, खटाई, जुस, खिर, लस्सी, स्मूदी, आँपको धुलो, काँचो आँपको अमिलो जुस, मिक्स फ्रुट जुस, आँप–एभोकाडो–सेलरी जुस, फ्रोजन जुस, स्पाइसी म्याङ्गो सनडे, म्याङ्गो पिच लस्सी, म्याङ्गो किवी लस्सी, म्याङ्गो चिल आइस, म्याङ्गो लाइम कर्ड, म्याङ्गो बेरी स्मूदी, डेजर्ट, म्याङ्गो कुलर, कोकोनट म्याङ्गो पाइनेएप्पल सोर्बेट आदि परिकार बनाउन सकिन्छ।

**सरकारी पहल र आगामी दिशा**

मधेश प्रदेश सरकारले आँपलाई उच्च मूल्य कृषि वस्तुका रूपमा प्राथमिकतामा राखेको छ। मूल्य शृंखला विकास, प्रशोधन उद्योग स्थापना, शीतभण्डार निर्माण, निजी लगानी आकर्षण तथा निर्यात प्रवर्द्धनलाई प्राथमिकता दिइएको छ।

नेपाल सरकारको आर्थिक वर्ष २०८३/८४ नीति तथा कार्यक्रम र बजेटमा पनि आँप उत्पादन तथा बजार व्यवस्थापनका लागि विशेष कार्यक्रम समावेश गरिएको छ। किसान क्रेडिट कार्ड, कलमी बिरुवामा अनुदान, शीतभण्डार तथा रिपेनिङ चेम्बर निर्माण, सप्तरी र सिरहामा प्रशोधन उद्योग स्थापना तथा निर्यात प्रवर्द्धनका कार्यक्रम समेटिएका छन्। तर नीति कार्यान्वयन प्रभावकारी नभएसम्म यसको प्रत्यक्ष लाभ किसानसम्म पुग्न सक्दैन। मधेशमा आँप उत्पादनको सम्भावना अत्यन्त उज्ज्वल छ। तर प्रशोधन उद्योग, भण्डारण सुविधा र व्यवस्थित बजार संरचनाको अभावले किसानले वास्तविक लाभ लिन सकेका छैनन्। उत्पादनसँगै मूल्य अभिवृद्धि र प्रशोधनलाई समान रूपमा अघि बढाउन सके मधेशको आँप अर्थतन्त्रले नयाँ उचाइ हासिल गर्न सक्छ।

# जलवायु परिवर्तनको असरले समय अगावै शिशु जन्मिन थालेका विज्ञ हरूको दाबी



काठमाडौं, २० असार। जलवायु परिवर्तन र वायु प्रदूषणको असरले गर्भवती महिला तथा नवजात शिशुको स्वास्थ्यमा गम्भीर असर पर्न थालेको सरोकारवालाहरूले बताएका छन्। 'जलवायु परिवर्तनले बालबालिकामा पारेको प्रभाव' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै स्वास्थ्य सेवा विभागकी नर्सिङ अधिकृत उमाकुमारी रिजालले समय नपुगी बच्चा जन्मने र कम तौलका शिशु जन्मने समस्या बढ्दै गएको बताउनुभयो। सामान्यतया साढे दुई किलो भन्दा माथि हुनुपर्ने शिशुको तौल अहिले डेढदेखि दुई किलोसम्म मात्र हुने गरेको र सात महिनामै सुत्केरी हुने अवस्था देखिएको उहाँको भनाइ छ।

यसका साथै बालबालिकामा छालारोग, सङ्क्रमण र क्यान्सरजस्ता जोखिमसमेत बढेको उहाँले चेतावनी दिनुभयो। रिजालले गाडीको धुवाँ, औद्योगिक उत्सर्जन र कृषिमा प्रयोग हुने विषादीलाई प्रदूषणका प्रमुख स्रोत भएको बताउनुभयो। विषादीको अत्यधिक प्रयोगले 'एन्टिमाइक्रोबियल रेजिस्टेन्स'को समस्या निम्त्याई भविष्यमा औषधिले काम नगर्ने जोखिम बढेको उहाँको चेतावनी छ।

वायु प्रदूषणले श्वासप्रश्वास सम्बन्धी रोग र फोक्सोको क्यान्सरसम्मको जोखिम बढाइरहेको उहाँले बताउनुभयो। रिजालले नियमित पैदल यात्रा, भस्त्रिका प्राणायाम, ऊर्जाको मितव्ययी प्रयोग, सार्वजनिक यातायातको प्रयोग र फोहोर व्यवस्थापनमा नागरिकको जिम्मेवारीमा जोड दिनुभयो।

# बर्दिबास नगरपालिका पूर्ण साक्षर घोषित, ९७.४१ प्रतिशत नागरिक साक्षर




**रवीन्द्र उप्रेती**

बर्दिबास, २० असार। महोत्तरीको प्रमुख व्यापारिक केन्द्रसमेत रहेको बर्दिबास नगरपालिकालाई शनिबार एक विशेष समारोहका बिच पूर्ण साक्षर नगरपालिका घोषणा गरिएको छ। नेपाल सरकारले निर्धारण गरेको सूचकअनुसार १५ देखि ६० वर्ष उमेर समूहका कम्तीमा ९५ प्रतिशत नागरिक सामान्य लेखपढ गर्न सक्षम भएमा स्थानीय तहलाई पूर्ण साक्षर घोषणा गर्न सकिने व्यवस्था छ। सोही मापदण्ड पूरा गरेपछि बर्दिबास नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले विशेष कार्यक्रम आयोजना गरी बाजागाजासहित नगरलाई पूर्ण साक्षर घोषणा गरेको हो। नगरपालिकाका शिक्षा शाखा प्रमुख रेवती पराजुलीका अनुसार बर्दिबासमा १५ देखि ६० वर्ष उमेर समूहका ४६ हजार ५२६ जना नागरिकमध्ये ४५ हजार ३३२ जना अर्थात् ९७.४१ प्रतिशतले साक्षरताको मापदण्ड पूरा गरेका छन्। घोषणा समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि एवं मधेश प्रदेशकी श्रम तथा यातायात मन्त्री शारदादेवी थापाले डिजिटल युगमा नगरको समृद्धि, सुशासन र शैक्षिक रूपान्तरणका लागि व्यवस्थित तथ्याङ्क, प्रभावकारी प्रणाली तथा असल अभ्यासको विकास आवश्यक रहेको बताउनुभयो।

उहाँले राजनीतिक नेतृत्व स्थायी नहुने भए पनि पछिल्लो चार वर्षमा बर्दीबास नगरपालिकाले शिक्षा, स्वास्थ्य, श्रमको सम्मान तथा प्रणालीगत सुधारका क्षेत्रमा गरेका अभ्यास प्रेरणादायी र अनुकरणीय रहेको उल्लेख गर्नुभयो। कार्यक्रममा नगरप्रमुख प्रहलाद क्षेत्रीले बर्दिबासलाई पूर्ण रूपमा प्रविधिमैत्री बनाउँदै सुशासनलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँका अनुसार नगरपालिकाले १० वर्षे शिक्षा नीति कार्यान्वयन, शैक्षिक विकृति तथा तनाव न्यूनीकरण र सूचना प्रविधिको अधिकतम प्रयोगमार्फत सेवा प्रवाहलाई आधुनिक बनाउने अभियान अघि बढाएको छ।

"नगरपालिकाको भवनमै बसेर बर्दिबासका सम्पूर्ण गतिविधि अनुगमन गर्न सकिने गरी प्राविधिक व्यवस्थापन गरिँदै छ," नगरप्रमुख क्षेत्रीले भन्नुभयो, "यसले नगरपालिकाको सुशासनमा आमूल परिवर्तन ल्याउने हाम्रो विश्वास छ।" जिल्ला शिक्षा समन्वय एकाइ महोत्तरीका प्रमुख निर्मल घिमिरेले १५ स्थानीय तह रहेको महोत्तरीमा बर्दिबाससहित पूर्ण साक्षर घोषणा हुने नगरपालिकाको संख्या पाँच पुगेको जानकारी दिनुभयो। उहाँले बाँकी स्थानीय तहहरू पनि साक्षर घोषणाको तयारीमा रहेको बताउनुभयो। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारीले पूर्ण साक्षर घोषणाले बर्दिबास सभ्य, शिक्षित र अनुशासित समाज निर्माणतर्फ अघि बढेको सन्देश दिएको धारणा व्यक्त गर्नुभयो।

# नवयुवाको नजरमा सरकारका सय दिन

**महेश ज्ञवाली**

नयाँ सरकार गठन भएको सय दिन पूरा भएको छ। यो सय दिनको अवधिमा सरकारले केही क्षेत्रमा सुधारात्मक प्रयास त गरेको छ, तर आम नागरिक(विशेष गरी युवा पुस्ता) यसको काम गराइलाई निकै सूक्ष्म ढंगले नियालिरहेका छन्। सरकारी सेवामा देखिएको केही सुधार, भ्रष्टाचार विरोधी डर र शैक्षिक क्षेत्रमा भएका निर्णयहरूले कतै उत्साह जगाएको छ भने सुस्त विकास, रोजगारी र व्यवस्थापनको कमजोरीले संशय पनि उब्जाएको छ।

लामो समयदेखि सरकारी अ ाहरूमा हुने ढिलासुस्ती र सास्ती भोगेका युवाहरूले हालैका दिनमा सेवा प्रवाहमा केही सुधार महसुस गरेका छन्। प्युठान नगरपालिकाका प्रमिस पोखरेलका अनुसार हिजोआज सरकारी कर्मचारीहरूमा काम नगरे कारबाही भोग्नुपर्ने एउटा 'डर' पैदा भएको छ। 'पहिला २–३ घण्टा लाग्ने काम अहिले १५–२० मिनेटमै सकिन्छ,' प्रमिस भन्नुहुन्छ, 'भ्रष्टाचार पनि अलि कम भएको जस्तो छ। सय दिनमै धेरै परिवर्तन नदेखिए पनि आशा गर्ने ठाउँ छ।'

मकवानपुरका जेनिस पौडेल पनि यसमा सहमत हुनुहुन्छ। उहाँ विशेष गरी १० र १२ कक्षाको नतिजा बेलैमा आउनु र यातायात कार्यालयहरूमा लाइसेन्स लिन लाग्ने लामो लाइन व्यवस्थापन हुनुलाई सकारात्मक मान्नुहुन्छ। राजनीतिक नियुक्तिहरू खारेज गरेर योग्य मान्छे राख्ने प्रयास र स्थानीय तथा प्रादेशिक तहबीच समन्वय गरेर खानेपानी र बाटोघाटोको विकास गर्नुपर्नेमा उहाँको जोड छ।

यस्तै, महोत्तरीकी स्नेहा चौधरी सरकारले नर्सहरूको तलब वृद्धि गरेको, निःशुल्क शिक्षाको प्रतिबद्धता कार्यान्वयन गर्न खोजेको र खेलकूद क्षेत्रमा ल्याएका योजनाहरूबाट खुशी हुनुहुन्छ। 'ट्रेड युनियनहरू खारेज गर्ने र खेलकूदलाई प्राथमिकता दिने कुरा राम्रा पक्ष हुन्,' उहाँ भन्नुहुन्छ। बाराका आदेश लिम्बू पनि अध्यादेश र बजेट भाषणका दृष्टिकोणले सरकार सकारात्मक दिशामा अघि बढेको देख्नुहुन्छ, यद्यपि ट्राफिक जरिवानाजस्ता माध्यमबाट राजस्व सङ्कलन गर्ने शैलीमा भने उहाँको असन्तुष्टी छ।

सरकारका कामकारबाही ठिकै लागे पनि प्रधानमन्त्री र जिम्मेवार व्यक्तिहरूको जवाफदेहिता र अभिव्यक्तिमा भने युवाहरुले प्रश्न उठाएका छन्। धनुषाकी सोनिया अधिकारी नेपालको संसदीय प्रणालीमा प्रधानमन्त्री आफैँ संसदमा उपस्थित भएर विधेयकहरूका बारेमा स्पष्टीकरण दिनुपर्ने र नागरिकलाई बुझाउनुपर्ने कुरामा जोड दिनुहुन्छ। सामाजिक सञ्जालको स्टाटसले मात्र सबै नागरिकलाई नछुने भन्दै उहाँ भन्नुहुन्छ, 'सबै नागरिक एकनास छैनन्। सामान्य अर्थमा बुझाउनु पर्ला, कसैलाई स्टाटसले मात्रै पुग्ला। तर, सरकारले सबै वर्गका नागरिकलाई हेरेर काम गर्नुपर्छ।'

सर्लाहीकी शिवाङ्गी शाह हिजोका दिनमा ठूला नेताहरू कानुनी दायराबाट उम्किने परिपाटीले न्यायपालिकामाथि नागरिकको विश्वास गुमेको स्मरण गर्नुहुन्छ। अहिले केही सुधार देखिए पनि सिमाना मिचेको जस्तो संवेदनशील विषयमा प्रधानमन्त्रीले बोल्दा कानुनी र जिम्मेवार रूपमा बोल्नुपर्ने र नागरिकलाई स्पष्टीकरण दिनुपर्ने उहाँको तर्क छ। उहाँ भन्नुहुन्छ, 'उहाँ एउटा राज्यको बडी हो, त्यसैले उहाँको हरेक शब्दमा स्पष्टीकरण र गम्भीरता हुनुपर्छ।'

सरकारका केही कदमहरू स्वागतयोग्य हुँदाहुँदै पनि युवा पुस्ताले रोजगारी र शहरी व्यवस्थापनका क्षेत्रमा ठूलो रिक्तता महसुस गरेका छन्। ओखलढुङ्गाकी रीतिका पौडेल पुराना सरकारको तुलनामा यो सरकारले राम्रा नियमहरू ल्याए पनि रोजगारीको क्षेत्रमा कुनै ठोस काम नगरेको गुनासो गर्नुहुन्छ। 'ब्याचलर्स पढ्ने विद्यार्थीका लागि पार्ट–टाइम जबको कुनै व्यवस्था छैन,' रीतिका भन्नुहुन्छ। शहरी क्षेत्रमा सुकुम्बासी हटाउने र डोजर चलाउने कामले पनि मिश्रित प्रतिक्रिया पाएको छ।

मोरङका सन्देश कटवाल सुकुम्बासी हटाउने र नयाँ कानुन ल्याउने कुरालाई एउटा 'एक्सन'का रूपमा हेर्नुहुन्छ। तर, कुपण्डोलकी जारा आयाह खान यसको अर्को पाटो देखाउनुहुन्छ। सुकुम्बासी हटाइए पनि धेरैले अझै न्याय र उचित पुनर्स्थापना नपाएको उहाँको भनाइ छ। शिक्षा क्षेत्रबाट राजनीति हटाउने कदमको स्वागत गरे पनि विद्यालय तह (कक्षा ५) को परीक्षा सम्बन्धी केही निर्णयले बालबालिकाको सिकाइको गति सुस्त बनाएको जस्तो उहाँलाई लाग्छ।

नेपालगञ्जका दिनेश चौधरी भने सय दिन बितिसक्दा पनि भुइँतहमा खासै परिवर्तन नदेखिएको बताउनुहुन्छ। विकासका नाममा ठाउँ–ठाउँमा भत्काउने क्रम जारी रहे पनि निर्माण कार्य शुरु नभएकोमा उहाँ चिन्तित हुनुहुन्छ। 'भत्केपछि राम्रो काम शुरु होला भन्ने आशा त छ, तर १०० दिन भइसक्दा पनि सुरुवात नहुनु दुःखद हो,' उहाँ भन्नुहुन्छ।

सरकारको सय दिनको यो यात्रा 'शुरुवात राम्रो, तर गन्तव्य अझै अस्पष्ट' जस्तो देखिएको छ। नीतिगत निर्णय, प्रशासनिक डर र केही क्षेत्रको सुधारले युवाहरूमा आशाको दियो त बालेको छ, तर रोजगारी सिर्जना, सुकुम्बासी व्यवस्थापन, दिगो भौतिक विकास लगायतका सवालमा सरकारले अझै धेरै काम गर्नु बाँकी छ। युवाहरूको यो मिश्रित प्रतिक्रियाले के प्रष्ट पार्छ भने, अबको पुस्ता केवल आश्वासनमा होइन, परिणाम र पूर्ण जवाफदेहितामा विश्वास गर्छ।

# मधेशमा लागुऔषधविरुद्ध प्रहरीको अभियान अन्तर्गत २० दिनमा ५८ जना पक्राउ

**लक्ष्मी चौधरी**

जनकपुरधाम, २० असार। मधेश प्रदेशका विभिन्न जिल्लामा प्रहरीले सञ्चालन गरेको लागुऔषध नियन्त्रण अभियान अन्तर्गत २० दिनमा ५८ जना पक्राउ परेका छन्। मधेश प्रदेश प्रहरी कार्यालयले शनिबार सार्वजनिक गरेको तथ्याङ्क अनुसार असार १ गतेदेखि २० गतेसम्मको अवधिमा उनीहरू पक्राउ परेका हुन्।

अभियानका क्रममा सप्तरीबाट तीन जना, सिरहाबाट १५ जना, धनुषाबाट १० जना, महोत्तरीबाट नौ जना, सर्लाहीबाट तीन जना, रौतहटबाट दुई जना, बाराबाट

–बाँकी अन्तिम पेजमा



# कमल पुलको बारेमा कवि सम्मेलन, उत्कृष्टलाई पुरस्कार



सिरहा, २० असार। राणाकालदेखि नै निर्माणाधीन अवस्थामा रहेको तराई–मधेसको मेरुदण्ड हुलाकी सडक र त्यसमा पर्ने पुलहरूको जीर्ण अवस्थाप्रति सरकारको ध्यानाकर्षण गराउन सिराहामा राष्ट्रिय बहुभाषिक कवि सम्मेलनको आयोजना गरिने भएको छ। हुलाकी सडक संघर्ष समितिको अगुवाइमा आगामी साउन २ गते शनिबार सिरहाको बरियारपट्टीस्थित श्री जनता माध्यमिक विद्यालयमा सो सम्मेलन हुन लागेको हो।

विगत १० वर्षदेखि सिराहावासीले धनुषा–सिराहा जोड्ने कमला नदीमा पुल निर्माणका लागि शान्तिपूर्ण जुलुस, सडक जाम, घेराउ, विज्ञप्ति र आमरण अनसनसम्मका संघर्षका कार्यक्रमहरू गर्दै आएका छन्। तर त्यो पुल अझै निर्माण हुन सकेको छैन। निर्माण भएको पुल भासिएपछि त्यसलाई पुनः निर्माण गर्न सिरहा र धनुषाका जनताले अबाज उठाउँदै आएका छन्। सरकारले पनि आश्वासन दिँदै आइरहेको छ। तर पुल अझै निर्माण नभएको हुलाकी सडक स र्ष समितिका संयोजक रामरिझन यादवले बताए।

कमला पुल निर्माणका लागि दबाब दिन यो कवि सम्मेलनको आयोजन गरिएको बताउँदै उनले यो कवि सम्मेलनमा देशैभरका कविलाई आह्वान गरिएको छ। कमला नदीको मात्र नभई झापाको कन्काई नदीमा १५ वर्षदेखि बनिरहेको पुलको अवस्था पनि उस्तै छ। यस्तै सर्लाही र रौतहट जोड्ने बागमती पुल तथा चितवन र नवलपरासी जोड्ने नारायणी नदीको पुल पनि अझै बन्न सकेको छैन।

यता सिराहा खण्डमा पर्ने सहजा खोलाको पुल ५ वर्षदेखि अलपत्र अवस्था छ। धनुषा खण्डको अवस्था झनै दयनीय रहेको संयोजक यादवले बताए। हुलाकी सडक र यसका पुलहरूको "दशा, दिशा र दुर्दशा" लाई मुख्य विषयवस्तु बनाएर आयोजना हुन लागेको यस सम्मेलनमा हुलाकी सडकले छुने झापादेखि कञ्चनपुरसम्मका तराईका १९ वटै जिल्लाका कविहरूलाई लिखित रूपमा निमन्त्रणा गरिएको छ। अन्य जिल्लाका कविहरूलाई पनि विभिन्न माध्यमबाट सहभागी हुन आह्वान गरिएको छ।

सिराहा जिल्लाका हकमा सबै माध्यमिक विद्यालय तथा क्याम्पसहरूलाई पत्राचार गरी आ–आफ्नो शैक्षिक संस्थामा प्रतिस्पर्धा गराएर उत्कृष्ट तीन प्रतिस्पर्धीलाई सहभागी गराउन अनुरोध गरिएको संयोजक यादवले बताए। जसमध्ये विद्यालयबाट एक जनाले मात्र कविता पाठ गर्न पाउनेछन्। प्रतियोगितामा उत्कृष्ट हुने आठ जना विद्यार्थीहरूलाई पुरस्कार र प्रशंसा–पत्र प्रदान गरिनेछ। प्रथम पुरस्कार पाँच हजार राखिएको छ भने द्वितीय पुरस्कार तीन हजार, तृतीय पुरस्कार दुई हजार र सान्त्वना पुरस्कार पाँच जनालाई एक हजार प्रति व्यक्ति प्रदान गरिने आयोजकले जनाएको छ।

*मधेशमा...*

पाँच जना र पर्साबाट ११ जना पक्राउ परेका छन्। पक्राउ पर्नेहरूसँगै ठुलो परिमाणमा गाँजा, ब्राउन सुगर (खैरो हिरोइन) तथा विभिन्न प्रकारका लागुऔषधजन्य ट्याब्लेटसमेत बरामद गरिएको प्रहरीले जनाएको छ।

प्रहरीले पक्राउ परेका सबै व्यक्तिमाथि लागुऔषध सम्बन्धी कसुरमा आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइएको जनाएको छ। लागुऔषध नियन्त्रणका लागि विशेष अभियानलाई आगामी दिनमा अझ प्रभावकारी र सशक्त बनाइने मधेश प्रदेश प्रहरी कार्यालयले उल्लेख गरेको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# मधेसका होटलहरूको अनुगमन



जनकपुरधाम, २० असार। मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय धनुषा र खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरधामले शुक्रबार संयुक्त रूपमा होटलहरूको अनुगमन गरेको छ। गुणस्तर मापन गर्ने उद्देश्यले गरिएको उक्त अनुगमनका क्रममा होटलहरूले मानव स्वास्थ्यमा गम्भीर असर पुग्ने गरी खाद्य सामग्रीको प्रयोग तथा सरसफाइमा लापरबाही गरेको पाइएको छ।

धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी एवं बजार निरीक्षक कृष्ण गैह्रेका अनुसार कसुरको मात्राका आधारमा धनुषाको लक्ष्मीनियामा सञ्चालन रहेको बाबाको ढाबा होटललाई ३५ हजार रुपैयाँ, बाजेको सेकुवालाई ७५ हजार रुपैयाँ, रोयल सम्राट होटलका सञ्चालकलाई ५ हजार रुपैयाँ र बर्गरहाउस लाई ३५ हजार रुपैयाँ जरिवाना गरिएको छ। अनुगमन टोलीले कुल १० वटा होटलको निरीक्षण गरेको थियो।

अनुगमनका क्रममा अखाद्य पदार्थको बिक्री–वितरण भइरहेको, म्याद गुज्रिएका खाद्य सामग्री प्रयोग गरिएको तथा सरसफाइमा व्यापक लापरबाही भेटिएकाले कारबाही प्रक्रिया अघि बढाइएको सहायक प्रमुख जिल्ला अधिकारी गैह्रेले बताए। मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले बाध्यता वा रहरले होटलमा खाना खान जाने सर्वसाधारणको स्वास्थ्यसँग खेलबाड गर्ने अन्य होटललाई समेत कडा चेतावनी दिएका छन्।

पूर्व–पश्चिम महेन्द्र राजमार्गअन्तर्गत मिथिला नगरपालिकाको लालगढ र ढल्केवरबाट सुरु गरिएको यो अनुगमन कार्यलाई निरन्तरता दिइने उनले बताए। नाफा कमाउने बहानामा सर्वसाधारणको स्वास्थ्यलाई जोखिममा पार्ने होटलमाथि कारबाही सुरु भएपछि स्थानीय उपभोक्ताले खुसी व्यक्त गरेका छन्।

गुणस्तरहीन खाद्य पदार्थ बिक्री गरी मानव स्वास्थ्यसँग प्रत्यक्ष खेलबाड गर्ने धनुषाका आधा दर्जन होटल सञ्चालक बजार अनुगमनका क्रममा कारबाहीमा परेका हुन्। उनीहरूलाई आर्थिक जरिवानासहित कानुनी कारबाही गरिएको हो। केही दिनअघि गृह तथा सञ्चारमन्त्री फकिरा महतोले जनकपुरधामका सडक पेटी तथा सार्वजनिक स्थानमा रहेका अतिक्रमित टहरा हटाउने अभियान सञ्चालन गरेका थिए।

तर अहिले जनकपुरधाममा पुनः सडकमै टहरा बजार लाग्न थालेको देखिन्छ। सुरुआत भए पनि कार्यान्वयन प्रभावकारी हुन नसकेको भन्दै स्थानीयले होटल अनुगमन पनि त्यही अवस्थाको शिकार नहोस् भन्ने चिन्ता गरेका छन्। 'जनकपुरधाम उपमहानगरपालिका–४ का सर्वनाथ झाले, सुरुआत त भयो, तर कार्यान्वयन भएन। अहिले पनि जनकपुरधाममा फाटफुट रूपमा बजार लागिरहेको छ। होटल अनुगमन पनि नाम कमाउने उद्देश्यमा मात्रै सीमित नभई निरन्तर हुनुपर्छ। खोइ त कार्यान्वयन' भन्दै प्रश्न गरे।

युवा नागरिक समाजका अगुवा सरोजकुमार मिश्राले गृहमन्त्रीले थालेको होटल अनुगमन अभियान सराहनीय रहेको बताए। उनले यसको निरन्तरताका लागि सम्बन्धित सरोकारवाला निकाय अग्रसर हुनुपर्नेमा जोड दिए। गृहमन्त्रीले सुरुआत गर्नुभयो, तर त्यसलाई निरन्तरता दिने जिम्मेवारी सम्बन्धित निकायकै हो। नियमित अनुगमनले खाद्यजन्य जोखिम न्यूनीकरण, उपभोक्ता अधिकारको संरक्षण तथा होटल व्यवसायलाई थप जिम्मेवार र व्यवस्थित बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।


OFFICE OF THE PRINCIPAL

DPS
DELIGHT PUBLIC SCHOOL
Lahan-3, Siraha

Walk in Interview

Required suitable candidate for the following position

| Section | Required |
|---|---|
| Pre-primary+ Kindergarten | Nursery/Montessori trained or 1-2 year Diploma in Early Education |
| Primary | Social Studies/English (Bachelor's degree in revelant subject, B.Ed. or equivalent with teaching experience) |
| Lower Secondary | Social Studies/English (Bachelor's degree in revelant subject, B.Ed. or equivalent with teaching experience) |

All candidates need strong communication skills,
Classroom management and computer proficiency.
Able to handle Modern and changing education system
Understanding young minds/A passion for teaching and Learning
(Experience preferred)

Walk-in interviews: 17th/18th/19th Ashad 2083
Carry all required documents

| Timings | Venue |
|---|---|
| 9:00 AM - 3:00 PM | OFFICE OF THE PRINCIPAL DELIGHT PUBLIC SCHOOL, Lahan-3, Siraha |

9712044022 033-590430


*लहानका सामुदायिक...*

विद्यालयलाई आधारभूत तहदेखि नै प्रविधिमैत्री बनाउँदै गुणस्तरीय पठनपाठनका लागि नगरपालिका गम्भीर छ,' उनले भने।

आगामी आवको बजेटमा विशेष अनुदानअन्तर्गत प्राप्त हुने एक करोड ७५ लाख रुपैयाँ बजेट पनि सामुदायिक विद्यालयको सूचना प्रविधि पूर्वाधार र शैक्षिक सामग्रीमा लगानी गरिने उनले बताए। नगरका प्रमुख प्रशासकीय अधिकृत दुर्गाप्रसाद भुर्तेलले नगरले शिक्षामा उच्च लगानी गरेको चर्चा गर्दै त्यसले सामजिक विकासमा फड्को मार्नुका साथै सुशासन पनि राम्रो हुने भएकाले आगामी वर्षको बजेट त्यसमै केन्द्रित रहेको उल्लेख गरे।

'डिजिटल पूर्वाधारले विद्यालयलाई नयाँ खोज र अनुसन्धानमा आधारित शिक्षण सिकाइसँग जोड्छ,' उनले भने, 'त्यसले बालबालिकालाई विद्यालयमा टिकाउन, नियमितताको वातावरण बनाउन र सिकाइ उपलब्धि बढाउन सघाउँछ।' त्यसका लागि स्थानीय समुदायसँग पनि निरन्तर सहकार्य गर्नुपर्नेमा जोड दिँदै उनले त्यसले दिगो शैक्षिक विकासमा योगदान पुर्‍याउने धारणा व्यक्त गरे।

नगर उपप्रमुख रामचरित्र महतोले नगरको शैक्षिक विकासका लागि प्राप्त स्रोत र साधनको अधिकतम उपयोग गरी शैक्षिक क्रियाकलाप सञ्चालन गर्न आग्रह गरे। 'त्यसबाहेक विद्यार्थीको सरसफाइमा पनि ध्यान दिन जरुरी छ,' उनले भने। मावि झिरहरी गोविन्दपुरका प्रधानाध्यापक नारायणप्रसाद साहले प्रायः गरिब विपन्न परिवारका विद्यार्थी पढ्ने सामुदायिक विद्यालयलाई नगरपालिकाले गरिरहेको सहयोगले सिकाइ उपलब्धि र विद्यालय तहको वार्षिक परीक्षाको नतिजामा उल्लेखनीय सुधार भएको औँल्याए।

नगर शिक्षा शाखाका अनुसार नगर क्षेत्रमा पर्ने २४ वटा वडामा १५ मावि तह, सात वडा कक्षा आठसम्म पढाइ हुने आधारभूत र ३७ वटा कक्षा पाँचसम्मको आधारभूत तह गरी ५९ वटा समुदायिक विद्यालय सञ्चालनमा छन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)